# शेयर/ डिवेन्चर/ युनिटहरू जस्ता धितोपत्र खरीद विक्री

गर्न चाहने

लगानीकर्ताहरुले बुझ्नु पर्ने

# जरूरी कुराहरू

१. **आदेशपत्र दिने :**

धितोपत्र लगानीकर्ताले आफुले खरीद वा विक्री गर्न चाहेको धितोपत्रको लागि दलाल कम्पनीलाई लिखित रुपमा स्टक एक्सचेन्जले तोकेको ढांचामा खरीद वा विक्री आदेशपत्र दिनु पर्दछ । यस्तो आदेशपत्र दलाल कम्पनीवाट प्राप्त हुनेछ ।

२. **आदेशपत्रमा उल्लेख गर्नु पर्ने कुरा र वहाल रहने अवधि :**

लगानीकर्ताले दलाल कम्पनीलाई दिने खरीद वा विक्री आदेशपत्रमा आफूले खरीद वा विक्री गर्न चाहेको धितोपत्रको नाम, किसिम, संख्या र मूल्य (निश्चित/ अधिकतम/ न्यूनतम मूल्य वा दलालले उपयुक्त ठानेको मूल्य) तथा आदेशपत्र वहाल रहने अवधि समेत स्पष्ट रुपमा लेख्नु पर्नेछ । आदेश पत्रमा आदेशपत्र वहाल रहने अवधि उल्लेख नगरेमा त्यस्तो आदेशपत्रको वहाली १५ (पन्ध्र) दिन सम्म कायम रहनेछ ।

३. **आदेशपत्र वुझिलिएको निस्सा लिने :**

दलाल कम्पनीलाई खरीद वा विक्री आदेश पत्र दिईसके पछि दलाल कम्पनीले राख्ने आदेशपत्र दर्ता कितावमा आफुले दिएको आदेशपत्र दर्ता गराई सो को दर्ता नम्वर र दर्ता गरेको समय समेत जनाउन लगाई सो को निस्सा लिनु पर्दछ ।

४. **खरीद वा विक्री भएको जानकारी लिने:**

दलाल कम्पनीले आफुले प्राप्त गरेको खरीद वा विक्री आदेशपत्रको दर्ता क्रम अनुसार स्टक एक्सचेन्जको कारोवार कक्षमा धितोपत्र खरीद वा विक्री गर्नु पर्दछ। यस्तो खरीद बिक्रीको जानकारी स्टक एक्सचेन्जले तोकेको ढांचामा खरीद वा विक्री आदेशपत्र दिने व्यक्तिलाई कारोवार भएकै दिन वा भोलिपल्टसम्म दिई सक्नु पर्दछ ।

५. **खरीद मूल्य वा धितोपत्र प्रमाणपत्र दिने:**

आदेशपत्र अनुसार धितोपत्र खरीद वा विक्री गरेको जानकारी दलाल कम्पनीवाट प्राप्त हुनासाथ लगानीकर्ताले ५ (पांच) कार्य दिन भित्रमा आफुले खरीद गरेको भए खरीद मूल्य र दलाली शुल्क, विक्री गरेको भए धितोपत्रको प्रमाणपत्र, विक्रेताले गरिदिने लिखत र दाखेल खारेज पत्र संवन्धित दलाल कम्पनीलाई दिनु पर्दछ । खरीद मूल्य र दलाल शूल्क दलाल कम्पनीलाई नदिएमा दलाल कम्पनीले स्टक एक्सचेन्जको स्वीकृती लिई उक्त धितोपत्र आफैले विक्री गर्न सक्नेछ र यसरी विक्री गर्दा दलाल कम्पनीलाई हानी नोक्सानी भएमा खरीद आदेशपत्र दिने व्यक्तिले व्यहोर्नु पर्नेछ । त्यस्तै, धितोपत्र विक्री गर्न आदेशपत्र दिने व्यक्तिले कारोबार भएको ५ (पांच) कार्य दिन भित्रमा दलाल कम्पनीलाई धितोपत्रको प्रमाणपत्र तथा कागजात नदिएमा दलाल कम्पनीले बजारवाट खरीद गरी खरीदकर्ता दलाल

कम्पनीलाई उपलव्ध गराउनु पर्नेछ । यसवाट दलाल कम्पनीलाई हानी नोक्सानी पर्न गएमा विक्री आदेश दिने व्यक्तिले व्यहोर्नु पर्नेछ । आदेशपत्र दिने ब्यक्तिले यस प्रकारको स्थिती सृजना हुन दिनु मनासिव हुन्न ।

शेयर कारोवारको दलाली शुल्क कारोवार रकमको आधारमा १ प्रतिशत देखि १.५ प्रतिशतसम्म लाग्नेछ ।

६. **विक्री मूल्य वा धितोपत्र प्रमाणपत्र लिनेः**

धितोपत्र खरीद गर्ने दलाल कम्पनीले आफूले खरीद गरेको धितोपत्रको मूल्य धितोपत्र खरीद गरेको मितिको भोलिपल्ट देखि बढीमा ५ (पांच) कार्य दिन भित्रमा स्टक एक्सचेन्जमा वुझाई सक्नु पर्नेछ । बिक्री गर्ने दलाल कम्पनीले स्टक एक्सचेन्जबाट भुक्तानी पाउने हुंदा विक्रीकर्ता ग्राहकले वढीमा सातौ वा आठौ कार्य दिनमा संवन्धित दलाल कम्पनीबाट विक्री मूल्यमा नियमानुसार लाग्ने दलाली शूल्क कट्टि  गरी शेयरको मूल्य पाउने छन् । यसरी वढिमा सातौ वा आठौ दिनसम्ममा संवन्धित दलाल कम्पनीवाट भुक्तानी पाउन नसकेमा ग्राहकले स्टक एक्सचेन्जमा उजुरी गरी प्रति दिन सयकडा ०.०५ (सुन्ना दशमलव सुन्ना पांच) प्रतिशतका दरले विलम्व शुल्क माग गर्न सक्नेछ र यस संवन्धमा आवश्यक जांचवुझ गरी विलम्व शूल्क असुल गर्नु पर्ने देखिएमा स्टक एक्सचेन्जले संवन्धित दलाल कंपनीवाट असुल उपर गरिदिनेछ ।

त्यस्तै, धितोपत्र विक्री गर्ने दलाल कम्पनीले आफूले विक्री गरेका धितोपत्रको प्रमाणपत्र, विक्रीकर्ताले गरिदिएको लिखत, दाखेल खारेज पत्र धितोपत्र विक्री गरेको मितिको भोलिपल्ट देखि ५ (पांच) कार्य दिन भित्रमा स्टक एक्सचेन्जमा वुझाउनु पर्नेछ । सो वुझाएको भोलिपल्ट वा पर्सिपल्ट सम्ममा स्टक एक्सचेन्जले धितोपत्र खरीद गर्ने दलाल कम्पनी मार्फत खरिदकर्ता ग्राहकको नाममा नामसारी गर्न सम्वन्धित कम्पनीमा पठाउंदछ। संबन्धित कम्पनीवाट नामसारी भै आएपछि संवन्धित दलाल कम्पनी मार्फत आफुले खरिद गरेको धितोपत्रको प्रमाणपत्र पाउनेछन् ।

तर आफुले खरीद गरेको धितोपत्र आफ्नो नाममा दाखिला खारेज नगरी पुनः विक्री गर्ने भएमा आफूले विक्रीकर्तावाट प्राप्त गर्ने दाखिल खारेज पत्र र विक्रीकर्ताले गरिदिने लिखतमा खरीदकर्ताद्धारा भरिनु पर्ने महल खाली (Blank) राखी लिनु पर्दछ र पछि सोहि धितोपत्र विक्री गर्ने भएमा दलाल कम्पनी मार्फत विक्री गरेपछि सोहि खाली दाखेल खारेजपत्र र विक्रेताले गरिदिने लिखत संवन्धित दलाल कम्पनी लाई दिनु पर्दछ । यसरी खाली हस्तान्तरण (बि.टी.) मा राख्ने भएमा सो को लगत स्टक एक्सचेन्जमा राख्न लगाउनु पर्दछ ।

७. **खाली हस्तान्तरण (वि.टी.) मा रहेको दाखेल खारेज पत्र र विक्रेताले गरिदिने लिखत सम्वन्धमा**

आफूले खरीद गरेको धितोपत्र नामसारी दर्ता नगरी खाली हस्तान्तरण (BlanK Transfer) मा राख्ने व्यक्तिले संवन्धित कम्पनीले अन्तरिम लाभांश घोषणा गरेको जानकारी पाउना साथ वा कम्पनीको दर्ता किताव वन्द हुने मितिको सूचना सार्वजनिक हुना साथ खाली हस्तान्तरणमा रहेको दाखेल खारेज पत्र र विक्रेताले गरिदिने लिखतको खाली ९द्यबिलपद्म महलमा आवश्यक विवरण भरी तुरुन्त आफ्नो नाममा नामसारी दर्ता गर्न दाखेल खारेज पत्र, विक्रेताले गरिदिने लिखत र धितोपत्र प्रमाणपत्र दलाल कम्पनी मार्फत संवन्धित कम्पनीमा पेश गर्नु पर्दछ । यसरी नामसारीको लागि संवन्धित कम्पनीमा पठाउनु पूर्व स्टक एक्सचेन्जमा रहेको खाली हस्तान्तरण लगतमा सोहि व्यहोरा जनाउन लगाउनु पर्दछ।

समयमै नामसारी दर्ता गर्न नपठाएमा आफूले पाउनु पर्ने लाभांश वा अन्य प्रतिफल प्राप्त गर्ने सम्वन्धमा समस्या उत्पन्न भई पाउने लाभबाट बन्चित समेत हुनु पर्ने अवस्था आउन सक्दछ । अतः यस तर्फ विशेष सजग भै रहनु पर्दछ ।

८. **एकै दिनमा एउटै कम्पनीको एकै प्रकारको धितोपत्र विभिन्न मूल्यमा खरीद विक्री हुन सक्ने :**

एकै दिनमा एउटै कम्पनीको एकै प्रकारको धितोपत्र विभिन्न मूल्यमा खरीद विक्री हुन सक्दछ । यसवाट धितोपत्र खरीद वा विक्री गर्ने व्यक्तिलाई कारोवार मूल्य सम्वन्धमा कहिले काही आंशका उब्जिन सक्दछ । यस्तो शंका लागेमा स्टक एक्सचेन्जमा संपर्क राखी यथार्थ स्थिती वुझ्न सकिन्छ ।

९. **कारोवार जोखिम तर्फ सजग हुने :**

कारोवार जोखिम भन्नाले आफुले विक्री गरेको धितोपत्रको रकम वा आफुले खरीद गरेको धितोपत्रको प्रमाणपत्र र कागजात प्राप्त गर्न नसक्नु वा प्राप्त गर्नमा ढिलाई हुनु समेतलाई जनाउंदछ । दलाल कम्पनीको लापरवाही वा वदनियतवाट पनि यस्तो जोखिमको सृजना हुन सक्दछ । अतः आफूले धितोपत्र खरीद वा विक्री गर्न आदेशपत्र दिनु पूर्व दलाल कम्पनीको वित्तीय स्थिती लगायत विविध पक्षहरु वारेमा पर्याप्त जानकारी लिनु आवश्यक हुन्छ । आफुले विक्री गरेकोमा बिक्री रकम कारोवार भएको सातौ वा आठौ कार्य दिनसम्ममा र खरिद गरेकोमा धितोपत्र प्रमाणपत्र सामान्यतया एक महिना भित्रमा प्राप्त नभएमा स्टक एक्सचेन्जमा संपर्क राख्नु पर्दछ ।

## १०. दलाल कम्पनीको धरौटीवाट असुल उपर गर्ने :

प्रत्येक दलाल कम्पनीले नगद वा वैंक ग्यारेन्टीको रुपमा स्टक एक्सचेन्जमा धरौटी राख्नु पर्दछ । कथंकदाचित दलाल कम्पनीले धितोपत्र खरीद वा विक्री गर्ने ग्राहकलाई धितोपत्रको रकम वा धितोपत्रको प्रमाणपत्र कागजात नदिएको कारणवाट खरीदकर्ता वा विक्रीकर्ता ग्राहकलाई हानी नोक्सानी भएमा स्टक एक्सचेन्जमा दलाल कम्पनीले राखेको धरौटी रकमले भ्याएसम्म स्टक एक्सचेन्जले खरीदकर्ता वा विक्रीकर्ता ग्राहकलाई भुक्तानी दिनेछ । यस वाहेकका अन्य हानी नोक्सानी रकम ग्राहक आफैले दलाल कम्पनीवाट असुल उपर गर्नु पर्नेछ ।

## ११. धितापत्रको मूल्य, प्रमाणपत्र र कागजात लिने दिने संवन्धमा :

धितोपत्र खरीद वा विक्री गर्ने व्यक्तिले दलाल कम्पनीलाई धितोपत्रको मूल्य दिंदा वा दलाल कम्पनीवाट लिदा सामान्यतया वैंक चेक मार्फत लिने दिने गर्नु पर्दछ । त्यस्तै, धितोपत्रको खरीद रकम पेश्की स्वरुप दिने वा धितोपत्रको प्रमाणपत्र र कागजात दलाल कम्पनीले धितोपत्र खरीद वा विक्री गर्नु पूर्व नै माग गरेमा सो दिने नदिने कुरा आदेशपत्र दिने व्यक्ति र दलाल कम्पनी बीच रहेको आपसी विश्वास एंव संवन्धमा निर्भर रहन्छ ।

## १२. मेरो वचन मेरो दायित्व

धितोपत्र वजार “ मेरो वचन मेरो दायित्व (My word is my bond)” भन्ने सिद्धान्तमा आधारित भएको हुंदा आफुले धितोपत्र खरिद वा विक्री गर्न आदेशपत्र दिए अनुसार दलाल कम्पनीले धितोपत्र खरीद वा विक्री गरेको जानकारी आफुलाई दिएपछि खरीद मूल्य वा विक्री गरेको धितोपत्रको प्रमाणपत्र र कागजात दलाल कम्पनीलाई तुरुन्त दिनु पर्दछ । समय मै खरीद मूल्य वा धितोपत्रको प्रमाणपत्र र कागजात नदिएमा वा दिनमा ढिलाई गरेमा त्यसवाट कारोवार जोखिम सृजना हुन गई धितोपत्र खरीदकर्ता वा विक्रीकर्ता ग्राहक वा दलाल कम्पनीलाई हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानी संवन्धित व्यक्तिले व्यहोर्नु पर्दछ ।

## १३. स्टक एक्सचेन्जमा सम्पर्क राखी यथार्थ बुझ्न सकिने :

धितोपत्र खरीद वा विक्री गरेपछि दलाल कम्पनीले संवन्धित ग्राहकलाई सो कुराको जानकारी दिनु पर्दछ। यसरी प्राप्त हुने " जानकारी फर्ममा" उल्लेखित विवरण जस्तै खरीद वा विक्री मूल्य, धितोपत्र संख्या, दलाली शुल्कको साथै दलाल कम्पनीवाट आफुले पाउनु पर्ने विक्री रकम वा आफुले दिएको खरीद रकम वा धितोपत्रको नामसारी दर्ता स्थिती आदि संवन्धमा स्टक एक्सचेन्जमा संपर्क राखी यथार्थ वुझ्न सकिनेछ र वुझ्नु पनि पर्दछ।

धितोपत्र खरीद वा विक्री गर्न दलाल कम्पनीलाई आदेशपत्र दिएपछि सो वमोजिम दलाल कम्पनीले धितोपत्र खरीद वा विक्री गरे नगरेको, विक्री मूल्य वा खरीद गरेको धितोपत्रको प्रमाणपत्र र कागजात प्राप्त गरे नगरेको आदि वारेमा आफूले धितोपत्र खरीद वा विक्री गर्न दिएको आदेशपत्रको म्याद समाप्त हुनु अघि वा म्याद समाप्त हुनासाथ तुरुन्त संवन्धित दलाल कम्पनी वा स्टक एक्सचेन्जमा संपर्क राखी यथार्थ कुरा वुझ्नु पर्दछ ।

## १४. धितोपत्र कारोवार प्रक्रिया, सूचिकृत कम्पनी र धितोपत्र वजारको स्थिती वारेमा जानकारी लिने :

स्टक एक्सचेन्जमा हुने धितोपत्र खरीद विक्री तथा खरीद विक्री हिसाव एंव कागजात फछ्र्यौट गर्ने प्रक्रियाहरु, आफुले धितोपत्र खरीद वा विक्री गर्न चाहेको कम्पनीको आर्थिक, वित्तीय एंव व्यवस्थापन संवन्धी विस्तृत जानकारीको साथै उक्त कम्पनीको धितोपत्रको विगत देखिको वजार मूल्य, कारोवार परिमाण, तथा धितोपत्र वजारको समष्टिगत स्थिती संवन्धमा समेत उपयुक्त जानकारी राख्नु पर्दछ । यी सव कुराहरुको वारेमा दलाल कम्पनीहरुसंग सम्पर्क राखी वुझ्न सकिन्छ । यदि दलाल कम्पनीहरुवाट आफुले वुझ्न चाहेको बिषयमा सन्तोषजनक जानकारी पाउन नसकेको खण्डमा स्टक एक्सचेन्जमा संपर्क राखी वुझ्न सकिन्छ । यस्तो जानकारीको अभावमा धितोपत्र खरीद वा विक्री गर्दा ठूलो नोक्सानी आई पर्न सक्दछ ।

## १५. स्टक एक्सचेन्जलाई समय मै आफ्नो समस्या वारे जानकारी दिने :

आफूले धितोपत्र खरीद वा विक्री गर्न आदेशपत्र दिएको दलाल कम्पनी र आफु विच कुनै समस्या उत्पन्न भएमा स्टक एक्सचेन्जको " सदस्य प्रशासन तथा वजार अनुगमन महाशाखा" मा तुरुन्त संपर्क राखी आफ्नो समस्या वारेमा निवेदन दिनु पर्दछ। यसरी निवेदन परेपछि स्टक एक्सचेन्जले आफ्नो अधिकार क्षेत्र भित्र रही तपाईको समस्या समाधान गर्ने तर्फ प्रयास गर्नेछ र स्टक एक्सचेन्जवाट समाधान हुन नसक्ने प्रकृतिका कुरा संवन्धित निकायमा स्टक एक्सचेन्ज आफैले पठाउनेछ ।